# प्रतिनिधि सभा सदस्यको लागि

## उम्मेदवारको अपिल

**नाराः**

**‘‘जिल्लाको समृद्धि - कृषि र पर्यटन**
**युवा स्वरोजगार, डिजिटल सुशासन’’**

**अर्घाखाँची जिल्लाको  वाचा-पत्र - २०८२**
**उम्मेदवारको नामः हरिप्रसाद भुसाल**

# १) पृष्ठभुमि

## अबको बाटो: आत्मनिर्भर, स्वाभिमानी, आधुनिक नेपालको पुनर्जागरण

गणतन्त्रको आगमनसँगै व्यवस्था त बदलियो, तर आम नेपालीको जीवनस्तरमा तात्त्विक परिवर्तन आउन सकेन। हिजोका दिनमा राजनीतिक खिचातानी, 'सेटिङ' र भागबन्डाको जालोमा जेलिएको देश अब यसरी चल्न सक्दैन। हामी अहिले एउटा यस्तो ऐतिहासिक मोडमा छौँ, जहाँ पुरानोलाई भत्काएर नयाँ र आधुनिक नेपालको जग बसाल्नु अनिवार्य भएको छ भन्ने कुरा जेन्जी आन्दोलनले पुष्टि गरिसकेको छ। यो केवल एउटा नीतिगत दस्तावेज मात्र होइन; यो नीति, विधि तथा कानुनको दृष्टिकोणबाट तयार पारिएको समृद्धिको वाचा–पत्र हो।

नयाँ नेपालको परिकल्पना गर्दा सबैभन्दा पहिलो सर्त राजनीतिक स्थिरता र साँचो सुशासन नै हो। सांसद किनबेच र अस्थिर सरकारको खेलले विकासका कामहरूलाई सधैँ ओझेलमा पारिरह्यो। त्यसैले अब कार्यकारी प्रमुखले कुनै पनि राजनीतिक दबाब बिना पाँच वर्ष ढुक्कसँग काम गर्न पाउने वातावरण बन्नुपर्छ। संसदले जनमुखी कानुन बनाउने र सरकारले आम जनताको अवस्था बदलिने गरी विकासको गतिलाई अगाडि बढाउनु पर्छ। न्यायपालिका पार्टीहरूको कार्यकर्ता भर्तीकेन्द्र होइन साँचो अर्थमा पारदर्शी, विशिष्ट र निष्पक्ष न्याय सम्पादन गर्न सक्ने गरी स्पष्ट शक्ति पृथकीकरण हुनुपर्दछ।

यसका साथै, भ्रष्टाचारको दलदलले देशलाई भित्रभित्रै खोक्रो बनाइरहेको छ। जबसम्म अख्तियारजस्ता संवैधानिक निकायहरू राजनीतिक प्रभावबाट मुक्त भई पूर्ण रूपमा स्वतन्त्र हुँदैनन्, तबसम्म नाम कहलिएका भ्रष्टाचारीहरू कानुनको जालबाट उम्किरहनेछन्। अब 'ठूलालाई चैन, सानालाई ऐन' भन्ने युगको अन्त्य गरी शक्तिशाली र निष्पक्ष संयन्त्रमार्फत दण्डहीनताको जरो उखेल्नु हाम्रो कर्तव्य हुनेछ।

आर्थिक रूपमा हामीले अहिलेसम्म युवा जनशक्ति निर्यात गरेर रेमिट्यान्समा आधारित अर्थतन्त्रको जगमा उभिन बाध्य भयौँ। युवा जनशक्ति पलायन हुनबाछ रोक्न सक्नु पर्छ। हामीसँग जे स्रोत छ, त्यही उत्पादन गर्ने र निर्यात गर्ने नीति लिनु जरुरी छ। हाम्रा खनिज स्रोत, जल–जडिबुटी, पर्यटन तथा खोलानालाबाट विद्युत् उत्पादन गरी छिमेकी बजारमा बेच्ने नीतिमा अघि बढ्नुपर्छ। कृषि र उद्योगलाई एकअर्काको पूरक बनाएर उत्पादनको अवधारणालाई व्यवहारमा उतार्नु नै आत्मनिर्भर बन्ने एक मात्र उपाय हो।

भौतिक पूर्वाधारको हकमा पनि नयाँ योजनाको शिलान्यास गर्ने होडबाजीभन्दा वर्षौंदेखि अलपत्र परेका पुल, सडक र सिँचाइ आयोजनाहरूको पृष्ठभूमि हेरी पूर्णता दिन योग्य आयोजनालाई मात्र प्राथमिकतामा राखिनेछ। राजनीतिक प्रेरित योजनाका फजुल खर्चलाई रोकेर त्यही लगानी शिक्षा, स्वास्थ्य र राज्यको सेवा वितरणको स्तरवृद्धिमा केन्द्रित गरी नागरिकमैत्री बनाउनु आजको आवश्यकता हो। पुँजी निर्माण र फजुल खर्चको रोकथामले नागरिकका प्राथमिकताका योजनामा थप सहयोग पुग्नेछ।

नेपालको वास्तविक शक्ति हाम्रा युवा र हाम्रो संस्कृति हो। डिग्री भएर पनि सीप नहुने र अन्ततः खाडी मुलुकमा पसिना बगाउन जानुपर्ने विवशतालाई अन्त्य गर्न शिक्षा प्रणालीलाई नै सीप–विकासमुखी पाठ्यक्रममा रुपान्तरण गर्नुपर्छ। युवाहरूलाई नेपालमै नयाँ व्यवसाय (स्टार्टअप) सुरु गर्न सहुलियतपूर्ण लगानी र अनुकूल वातावरण प्रदान गरी 'ब्रेन ड्रेन'लाई 'ब्रेन गेन'मा बदल्ने संकल्प हामीले लिएका छौँ।

सँगसँगै, हाम्रो सम्पदा र प्रकृतिलाई विवेकपूर्ण ढङ्गले उपयोग गरी आय–आर्जनको मुख्य आधार बनाउनुपर्छ। तराईका गल्लीदेखि सगरमाथाको फेदीसम्म, पशुपतिदेखि लुम्बिनी हुँदै जानकीसम्म फैलिएका धार्मिक, सांस्कृतिक तथा स्थानीय बहुउपयोगी पर्यटन स्रोतहरूलाई पर्यटनसँग जोडेर नेपाललाई विश्वसामु एक उत्कृष्ट गन्तव्यका रुपमा प्रस्तुत गर्नुपर्छ। यहाँ भूगोल र समाजको विविधतालाई आधार बनाएर पर्यटनको प्रचुर सम्भावनालाई प्रवर्द्धन गर्ने नीतिलाई प्राथमिकता दिइनेछ।

हाम्रो वैदेशिक नीति कुनै पनि शक्ति–केन्द्रको दबाबमा होइन, राष्ट्रिय हित र विश्व समुदायको पारस्परिक आत्मसम्मानमा आधारित हुनुपर्छ। भारत, चीन र अमेरिकासँगको सम्बन्धलाई सन्तुलित र समदूरीमा राख्दै असंलग्न राष्ट्रका रुपमा आफ्नो अडान स्पष्ट राख्ने कूटनीतिक पहल हामीले लिनुपर्छ।

हाम्रा सहरहरूलाई धुलो र फोहोरको थुप्रोबाट मुक्त गरी प्रविधिमैत्री, हरियाली र बस्नलायक 'स्मार्ट सहर' बनाउनु हाम्रो मुख्य लक्ष्य हो। यो यात्रा कुनै एक व्यक्तिको होइन; सबै परिवर्तन हरेक नेपालीको साझा अभियान हो। हामीलाई अब खोक्रा भाषण होइन, परिणाममुखी विकास चाहिएको छ। आउनुहोस्, विकास र सुशासनको प्रत्याभूति सहित देशको जग बलियो बनाऔँ र स्वाभिमानी नेपालको सपना साकार पार्ने लक्ष्य राखौँ।

## २. आन्दोलनको मर्म

२०८२ साल भदौ २३ र २४ गते अर्घाखाँची लगायत देशैभरका सडकमा उर्लिएको युवाहरूको त्यो अभूतपूर्व 'जेन्जी' आन्दोलन केवल विरोध मात्र थिएन; यो दशकौँदेखि मौलाएको सिन्डिकेट, भ्रष्टाचार र अवसरविहीनताविरुद्धको विद्रोह थियो। अर्घाखाँची जिल्लाका ६ वटै पालिका र ६१ वटै वडाका युवाहरूले उठाएका मागहरु—रोजगारीको सुनिश्चितता, प्रविधिमा पहुँच र विभेदमुक्त समाज—यही घोषणा–पत्रको जग हो। हामी अब पुरानो ढर्राको राजनीति होइन, तथ्याङ्क र नतिजामा आधारित राजनीति (Evidence and Performance Based Politics) गर्ने संकल्प गर्दछौँ।

भ्रष्टाचारको अन्त्य र सुशासनको माग गर्दै जेन्जी युवाहरूले गरेको प्रदर्शनका क्रममा ज्यान गुमाएका भूमिकास्थान–४, धारापानीका माधव सारुको परिवारलाई स्थानीय तहमा रोजगारीको आवश्यक पहल गरिनेछ।

## ३. मुख्य राजनीतिक तथा सामाजिक प्रतिबद्धताहरू

क) म हरिप्रसाद भुसाल, अर्घाखाँची जिल्लाको प्रतिनिधि भएको नाताले वर्तमानमा रहेका न्यायिक पूर्वाधारहरूलाई स्वतन्त्र र सक्षम बनाउन सदनमा पहल गर्नेछु। यसअन्तर्गत विद्यमान न्याय प्रणालीको शुद्धीकरण, न्यायिक सेवालाई नागरिकमैत्री बनाउने तथा समयमै न्यायिक निर्णय हुने व्यवस्था गर्दै परम्परागत र ढिलासुस्तीपूर्ण न्यायिक प्रणालीबाट मुक्त गर्ने कदम चालिनेछ।

ख) नेपालको विद्यमान कानुन र संवैधानिक परिधिभित्र रहेर जिल्लाको सन्तुलित विकास, शान्ति–सुव्यवस्था, नागरिकको जीवनस्तर अभिवृद्धि, समावेशीता, सुशासन तथा जनतासँगको सहकार्यलाई जीवन्त राख्न म सदैव प्रयत्नशील रहनेछु।

**ग) 'जेन्जी' (Gen Z) एजेन्डा र युवा सशक्तीकरण**

**डिजिटल अर्घाखाँची जिल्ला**

-यस जिल्लाका हरेक पालिका र वडामा उच्च गतिको निःशुल्क वाइफाइ तथा 'डिजिटल स्किल सेन्टर' स्थापना गरी फ्रिल्यान्सिङ र रिमोट जबमार्फत युवाहरूलाई गाउँमै कमाउने वातावरण बनाइनेछ। यसबाट सहरमा केन्द्रित हुने जनसंख्याको चाप घट्नेछ र अवसरकै कारण हुने बसाइसराइ रोक्न सहयोग पुग्नेछ।

-सबै सार्वजनिक निकायहरूको आम्दानी–खर्च विवरणलगायत सार्वजनिक चासोका सूचना तथा विषयहरू डिजिटल सूचना बोर्ड वा मोबाइल एपमार्फत सार्वजनिक गर्ने व्यवस्था गरिनेछ।

-अधिकतम सार्वजनिक सेवाहरू अनलाईनमार्फत लिन सकिने व्यवस्थाको नीतिगत पहल गरिनेछ।

-**सडक–आधारित ठेगाना प्रणाली (Road Name Address System)** लागू गरी हरेक सडकको नामाकरण र हरेक घरलाई वैज्ञानिक भवन नम्बर प्रदान गरिनेछ। यसलाई डिजिटल प्रणालीसँग जोडेर आपतकालीन सेवा र नागरिक सेवा प्रभावकारी बनाइनेछ।

– पालिकाबाट ठेगाना मापदण्ड कार्यविधि, नयाँ घर नक्सा पास गर्दा डिजिटल ठेगाना अनिवार्य, पुराना घरलाई चरणबद्ध नम्बरिङ गरिनेछ।

– Road Name Address System ले:

- घर खोज्न सजिलो बनाउने
- एम्बुलेन्स/प्रहरी छिटो पुग्ने

- कर, जनगणना, योजना सबै एकीकृत गर्ने
- स्मार्ट सिटी/स्मार्ट पालिकाको आधार बन्ने अपेक्षा गरिएको छ।

– जिल्लाका सम्पूर्ण पालिकासँग समन्वय गरी यो कार्य अघि बढाइनेछ।

**स्टार्टअप फन्ड**
वैदेशिक रोजगारीबाट फर्किएका तथा स्थानीय युवाहरूका लागि ५ प्रतिशतभन्दा कम ब्याजदरमा विना धितो कर्जा उपलब्ध गराउन 'निर्वाचन क्षेत्र उद्यमशीलता कोष' स्थापना गरिनेछ। यो कोष युवाहरूले आफैंले आर्जन गरेको स्वपूँजीको आधारमा प्रवर्द्धन गरिनेछ।

**'नव–युवा कोष'**
पहिलो चरणमा ४० वर्षसम्मका प्रत्येक नागरिकलाई 'नव–युवा कोष'मा आबद्ध गरिने नीति बनाइनेछ। यस कोषको रकम युवाहरूको शिक्षा, स्वास्थ्य, व्यवसाय तथा नवप्रवर्तनसम्बन्धी परियोजनाहरूमा सहुलियतपूर्ण लगानी गर्न प्रयोग गरिनेछ, जसले उनीहरूलाई उद्यमी बन्न र राष्ट्र निर्माणमा सक्रिय योगदान दिन प्रेरित गर्नेछ। साथै उत्तरार्द्ध जीवनका लागि भविष्य सुरक्षित गर्ने नीति कार्यान्वयन गरिनेछ।

यो कोषको पूँजीलाई सरकारले पूर्वाधार निर्माणका लागि उपयोग गर्ने नीति लिनेछ, जसबाट आन्तरिक पूँजी परिचालनलाई प्रोत्साहन र वैदेशिक ऋणमा निर्भरता निरुत्साहित गर्ने लक्ष्य राखिनेछ।

# ४. आर्थिक र पूर्वाधार विकासको योजना

समग्र देशको उन्नति र प्रगतिका लागि पार्टीले अवलम्बन गर्ने नीति तथा कार्यक्रमप्रति इमानदार रही यस जिल्लाको आर्थिक तथा पूर्वाधार विकासमा मेरो उल्लेख्य भूमिका रहनेछ। एकातिर जिल्लाको सन्तुलित विकास र अर्कोतिर शिक्षा, स्वास्थ्य, रोजगारी, पूर्वाधार विकास तथा कृषि कर्मको अभिवृद्धि चुनौतीपूर्ण विषय हुन्। समग्र जिल्लाको आर्थिक र पूर्वाधार विकासप्रति मेरो प्रतिबद्धता निम्नानुसार रहनेछः

## ४.१ पर्यटन

### अर्घाखाँची धार्मिक पर्यटन गुरुयोजना

– लुम्बिनी–बक्रबाजे–कालीकाठी (महामृत्युञ्जय धाम)–पाणिनी तपोभूमि -कृष्ण मन्दिर मथुरा वेशी–बल्कोट–मालारानी मन्दिर–अर्घा भगवती मन्दिर–भूमेकाथान मन्दिर–खिल्जी चुनढुङ्गा देउराली मन्दिर–सेङ्लेङ् पाथीभरा मन्दिर हुँदै सुपा देउराली मन्दिरसम्मको धार्मिक पर्यटन सर्किट निर्माण गरिनेछ।

– यस सर्किटमा जिल्लाका अधिकतम धार्मिक तथा पर्यटकीय स्थलहरू—खन गुफा, उल्लुक देवता (छत्रदेव मन्दिर), मनचिन्ते पानी, दुर्वाशेश्वर गुफा, ऐरावती (पतञ्जलीको जन्मस्थान) लगायतका स्थानहरू सडक तथा पदयात्रा, केबुल कारमार्फत जोडिनेछन्।

-यस सर्किटमार्फत वार्षिक १० देखि १२ लाखसम्म आन्तरिक तथा बाह्य धार्मिक पर्यटकहरू अर्घाखाँची भित्र्याउने लक्ष्य राखी स्थानीय रोजगारी, होमस्टे, होटल, यातायात तथा साना व्यवसाय प्रवर्द्धन गरिनेछ।

-अन्तरपालिका सडक सञ्जाल परियोजना र यो धार्मिक पर्यटन सर्किट एकअर्काका पूरकका रूपमा निर्माण गरिनेछन्।

– प्याराग्लाइडिङका लागि अर्घा, जालकाँडा, गोखुङ्गा, सेङ्लेङ् लगायतका स्थानमा सम्भाव्यता अध्ययन गरिनेछ।

## सुपा मन्दिर धार्मिक पर्यटन प्रवर्द्धन गुरुयोजना

– दक्षिणतर्फबाट जिल्लाकै प्रसिद्ध धार्मिक स्थल सुपा देउराली मन्दिर दर्शनका लागि आउने पर्यटकहरूलाई लक्षित गर्दै, लुम्बिनी–बक्रबाजे–कालीकाठी धार्मिक पर्यटन सर्किटमा सहभागी हुन नसक्ने वा समय अभावका कारण फर्किने पर्यटकहरूका लागि सुपा मन्दिर र आसपासका क्षेत्रलाई विशेष धार्मिक–पर्यटकीय गन्तव्यका रूपमा विकास गरिनेछ।

– सुपा देउराली मन्दिरमा दर्शनार्थ आउने पर्यटकहरूको सहजताका लागि मन्दिर परिसर नजिकै व्यवस्थित पार्किङ स्थल निर्माण गरिनेछ, जसले यातायात व्यवस्थापन र दर्शन प्रक्रियालाई सरल बनाउनेछ।

– लोककथा, जनश्रुति र धार्मिक आस्थाको धरोहर मानिने सुपा देवी मन्दिरमाथिको नर्तनाचल पर्वतलाई धार्मिक पर्यटनको महत्वपूर्ण गन्तव्यका रूपमा विकास गरिनेछ। पूर्णिमा, औंसी तथा विशेष शक्तिका रातमा विभिन्न देव–देवीहरूले दिव्य नृत्य गर्ने विश्वास गरिएको यस स्थललाई धार्मिक नृत्य, ध्यान र आस्थाकेन्द्रित क्षेत्रका रूपमा प्रवर्द्धन गरिनेछ।

– यस गुरुयोजना अन्तर्गत सेङ्लेङ् पाथीभरा मन्दिर, मसिनाको लेक, खाँचीकोट मन्दिर तथा दरबार, नरपानी र नर्तनाचल पर्वतमा विभिन्न धार्मिक तथा पर्यटकीय गन्तव्यहरू निर्माण गरी स्थानीय रोजगारी, होमस्टे, होटल तथा साना व्यवसाय प्रवर्द्धन गरिनेछ।

– सित खोलाको पानी डमरु दहमा प्रवाह गरी सदा बहार पानीको सतह कायम गरिनेछ। उक्त क्षेत्रलाई बोटिङ्ग, विश्रामस्थल, हरियाली पार्क तथा सार्वजनिक जग्गाको सदुपयोग गर्दै धार्मिक–पर्यटकीय उद्यानका रूपमा विकास गरिनेछ।

– यस गुरुयोजना कार्यान्वयनमार्फत वार्षिक कम्तीमा १० लाख राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटक भित्र्याउने लक्ष्य लिइनेछ, जसले जिल्लाको अर्थतन्त्र, रोजगारी तथा समग्र पर्यटन विकासमा महत्वपूर्ण टेवा पुऱ्याउनेछ।

### पाणिनी तपोभूमि गुरुयोजना

अर्घाखाँची जिल्लाको पाणिनी गाउँपालिका धार्मिक, ऐतिहासिक तथा दार्शनिक दृष्टिले अत्यन्त महत्वपूर्ण क्षेत्र हो। देशभरका एक सय प्रमुख धार्मिक तथा पर्यटकीय गन्तव्यहरूमध्ये छनोट भएको पाणिनी तपोभूमि यही क्षेत्रमा अवस्थित छ, जसले यसको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्वलाई स्पष्ट गर्दछ।

संस्कृत व्याकरणका महान् आचार्य महर्षि पाणिनीले तपस्या गरी अष्टाध्यायीको सूत्र प्राप्त गरेको ऐतिहासिक विश्वाससँग जोडिएको यस पवित्र भूमिलाई संस्कृत भाषा अध्ययन–अनुसन्धान, दर्शन, ध्यान तथा ज्ञान साधनाको अन्तर्राष्ट्रिय केन्द्रका रुपमा विकास गर्ने दीर्घकालीन गुरुयोजना अघि बढाइनेछ।

यस गुरुयोजना अन्तर्गत पाणिनी तपोभूमिलाई
– संस्कृत अध्ययन तथा अनुसन्धान केन्द्र,
– ध्यान, योग र साधना स्थल,
– धार्मिक तथा शैक्षिक पर्यटन केन्द्र,
– आन्तरिक तथा बाह्य पर्यटकका लागि ज्ञान–पर्यटन गन्तव्य
का रुपमा चरणबद्ध विकास गरिनेछ।

यस योजनाले स्थानीय रोजगारी सिर्जना, धार्मिक पर्यटन प्रवर्द्धन तथा पाणिनी क्षेत्रलाई विश्वस्तरीय ज्ञान–तपोभूमिका रुपमा स्थापित गर्ने लक्ष्य लिनेछ।

## ४.२ कृषि र आत्मनिर्भर अर्घाखाँची

#### वन्यजन्तु व्यवस्थापन

– कृषकहरुको मुख्य समस्या तथा बसाइसराइको कारण बनेका बाँदर, बँदेल र दुम्सीको वैज्ञानिक व्यवस्थापन तथा समस्या समाधानका लागि तात्कालिन, अल्पकालिन र दीर्घकालिन योजना बनाएर प्राथमिकताका साथ समस्या समाधानका उपायहरु अवलम्बन गरिनेछन्।

– जङ्गली जनावरबाट किसानलाई हुने क्षति अन्त्य गर्न राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन संशोधन गरी 'वन्यजन्तु प्रकोप' सम्बन्धी कानुनी व्यवस्था गरिनेछ। विद्युतीय बार, जनावर–प्रतिरोधी खेती तथा वैज्ञानिक व्यवस्थापनमार्फत किसानको खेत र भविष्य दुवै सुरक्षित गरिनेछ।

– प्रत्येक स्थानीय तहमा 'वन्यजन्तु व्यवस्थापन समिति' गठन गरी स्थानीय समस्या पहिचान, स्थानान्तरण, नियन्त्रण लगायतका उपाय खोज्ने तथा बजेट परिचालन गर्ने अधिकार दिइनेछ।

– संघ, प्रदेश र स्थानीय तहको बजेटबाट 'वन्यजन्तु क्षतिपूर्ति कोष' स्थापना गरी 'वन्यजन्तु व्यवस्थापन समिति'को रोहबरमा क्षतिपूर्तिको व्यवस्था गरिनेछ।

**कृषिको प्रवर्द्धन र आधुनिकीकरण**

– व्यवसायिक कृषिलाई नवप्रविधिसँग जोड्दै आधुनिक कृषि प्रविधिलाई उच्च प्राथमिकतामा राखिनेछ।
– अर्घाखाँचीका सुन्तला, कफी, चिया, दूध तथा तरकारी उत्पादनको प्रवर्द्धन र बजारीकरण गरिनेछ।

– प्रत्येक पालिकामा सार्वजनिक–निजी साझेदारीमा कम्तीमा एउटा चिस्यान केन्द्र स्थापना गरिनेछ। कृषकको उत्पादनको न्यूनतम समर्थन मूल्यमा खरिद गरी बजारको मागअनुसार आपूर्ति व्यवस्थापन गरिनेछ।

– प्रत्येक पालिकामा एउटा कृषि सहकारी स्थापना गर्ने अवधारणा अघि बढाइनेछ। कृषि क्षेत्रमा लगानी, बचत तथा कृषि उपजको बजार खोज्ने कार्य उक्त सहकारीमार्फत गरिनेछ।

– सांसदको हैसियतले कृषि बीमा तथा विपद् जोखिम न्यूनीकरणका लागि आवश्यक कानुनी व्यवस्था, बजेट सुनिश्चितता र कृषि विपद् जोखिम कोष स्थापना गर्न संघीय सरकारमा पहल गरिनेछ।

**पकेट क्षेत्रहरु**

-अर्घाखाँचीका विभिन्न क्षेत्रमा उत्पादनको संभावना भएका क्षेत्रलाई कृषि पकेट क्षेत्रहरु घोषणा गरी उन्नत विउ विजन, प्राविधिक सहयोग, खेतबारीमै विशेषज्ञ सेवा, मल, जैविक विषादी, सिंचाई, आधुनिक उपकरण, बाली अनुसार विशेषज्ञ सेवा प्रदानको व्यवस्था मिलाईने छ ।
-अर्घाखाँचीका निम्न सम्भाव्य कृषि पकेट क्षेत्र निर्धारण गरी प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामा समावेश गराउन आवश्यक प्रक्रिया अघि बढाइनेछ।

**धान (Rice) पकेट क्षेत्र**

**मकै (Maize) पकेट क्षेत्र**

| | |
|---|---|
| **शितगंगा नगरपालिका** – जुकेना, लामाताल, वाणगंगा<br><br>**पाणिनी गाउँपालिका** – पाणिनी<br><br>**भूमिका स्थान नगरपालिका** - दुर्वाङ | **छत्रदेव गाउँपालिका** – छत्रगञ्ज<br><br>**मालारानी गाउँपालिका** – खनदह, मालारानी, बामरुक |

**आलु (Potato) पकेट क्षेत्र**

**तरकारी (Vegetables) पकेट क्षेत्र**

| | |
|---|---|
| **छत्रदेव गाउँपालिका** – उच्च पहाडी क्षेत्र<br><br>**मालारानी गाउँपालिका** – चिसो हावापानी भएका बस्ती<br><br>**पाणिनी गाउँपालिका** – केही माथिल्ला क्षेत्र<br><br>**भूमिका स्थान नगरपालिका -** खाकावेशी | **सन्धिखर्क नगरपालिका** – व्यावसायिक तरकारी<br><br>**शितगंगा नगरपालिका** – ठाडा, लामाताल<br><br>**पाणिनी गाउँपालिका** – मौसमी तथा अफ–सिजन तरकारी |

**फलफूल (Fruit) पकेट क्षेत्र**

**अदुवा (Ginger) पकेट क्षेत्र**

| | |
|---|---|
| **शितगंगा नगरपालिका** – केरा, आँप, लिची<br><br>**छत्रदेव / मालारानी** – सुन्तला, कागती<br><br>**पाणिनी** – आँप, अम्बा, सुन्तला | **शितगंगा** - ठाडा, जुकेका<br><br>**पाणिनी** - अड्गुरी<br><br>**छत्रदेब** - छत्रगञ्ज |

**कफि (Coffee)** **पशुपालन (Livestock) पकेट**

| | |
|---|---|
| **शितगंगा -** ठाडा, जुकेना<br><br>**छत्रदेव -** उपयुक्त स्थानको छनोट<br><br>**भूमिका स्थान नगरपालिका -** उपयुक्त स्थानको छनोट | **छत्रदेव, मालारानी** – बाख्रा पालन<br><br>**सन्धिखर्क, शितगंगा, पाणिनी** – गाई–भैंसी, दूध उत्पादन तथा दुग्ध उद्योग<br><br>**भूमिका स्थान नगरपालिका** -विभिन्न क्षेत्र |

# ८. शिक्षा

अर्घाखाँची जिल्लामा शिक्षाको गुणस्तर आमूल सुधार गर्ने, शैक्षिक पलायन रोक्ने र शिक्षा क्षेत्रमा विद्यमान समस्याहरू समाधानका लागि दीर्घकालीन नीति बनाइनेछ। त्यसका लागि—

-सामुदायिक विद्यालयको शिक्षाको गुणस्तर सुधारका लागि विद्यालयलाई राजनीतिक हस्तक्षेप मुक्त गरी शिक्षकको व्यवसायिक दक्षता अभिवृद्धि गर्दै चौतर्फी सुपरिवेक्षण र मूल्याङ्कनको व्यवस्था गर्न स्थानीय निकायसँग समन्वय गरिनेछ।

-शिक्षकहरूलाई शिक्षणका नवीनतम प्रविधि र सूचना प्रविधि सञ्चालनसम्बन्धी तालिमको व्यवस्था गरिनेछ।

-अर्घाखाँची जिल्लामा उच्च शिक्षाका लागि कम्तीमा एउटा कुनै विश्वविद्यालयको पूर्ण आङ्गिक बहुमुखी क्याम्पस सञ्चालन गर्न आवश्यक पहल गरिनेछ।

-प्राविधिक शिक्षालय नभएका शितगंगा नगरपालिकामा प्राविधिक शिक्षालय स्थापना गरिनेछ।

-जिल्लामा सञ्चालित प्राविधिक शिक्षालयहरूको शिक्षाको गुणस्तर मूल्याङ्कन र अझ व्यवस्थित रूपमा सञ्चालनका लागि आवश्यक नीति तर्जुमा गरिनेछ। ती प्राविधिक शिक्षालयहरूमा व्यवसायिक तथा प्राविधिक विधाका शिक्षण–सिकाइ कार्यक्रम सञ्चालन गरी युवाहरूलाई स्वरोजगार र स्वावलम्बी बनाउने नीति लिइनेछ।

-सामुदायिक विद्यालयको शिक्षाको गुणस्तर सुधारका लागि आवश्यक नीतिगत पहल गरिनेछ।

-विद्यालय भवन, शौचालय, खानेपानी र फर्निचर सुधार, गुणस्तरीय शिक्षा सुनिश्चित गर्न शिक्षक व्यवस्थापन र तालिम, डिजिटल शिक्षा, विद्युतीय हाजिरी, पुस्तकालय र प्रयोगशाला सुदृढीकरण, विपन्न तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्तिका लागि आवश्यक पहल गरिनेछ।

-गरिब तथा जेहेन्दार विद्यार्थीलाई लक्षित गरी यस जिल्लामा छात्रावाससहितको **नमुना आवासीय विद्यालय** स्थापना गरिनेछ, जहाँ निःशुल्क शिक्षा, आवास, भोजन र गुणस्तरीय शिक्षण सुनिश्चित गरिनेछ।

-शिक्षक राष्ट्र निर्माणका आधारस्तम्भ हुन्। उनीहरूका न्यायोचित मागहरू सम्बोधन गर्नु राज्यको दायित्व हो भन्ने हाम्रो स्पष्ट मान्यता छ। निर्वाचित भई संसद् पुगेपछि शिक्षकका सेवा–सर्त, स्थायित्व, बढुवा र पेशागत सुरक्षासँग सम्बन्धित विषयहरूलाई समेट्ने शिक्षा ऐनको सुधार तथा आवश्यक बजेट सुनिश्चित गर्न हामी सशक्त पहल गर्नेछौँ। शिक्षकका मागलाई संसदभित्र जिम्मेवार ढङ्गले उठाउँदै संवाद र सहमतिमार्फत दीर्घकालीन समाधान सुनिश्चित गर्ने हाम्रो प्रतिबद्धता रहन्छ।

## ६. स्वास्थ्य र खेलकुद

- ‘स्वास्थ्यका लागि खेल’ भन्ने नाराका साथ विविध खेलकुदका कार्यक्रमहरू सञ्चालन गरिनेछन्।

- हरेक पालिकामा जिल्ला स्तरीय खेल मैदानका लागि आवश्यक नीतिगत कार्य गरिनेछ।

- हरेक खेलकुद विधाका जिल्ला स्तरीय र राष्ट्रिय स्तरका खेलाडीहरूलाई नियमित आम्दानीका लागि आवश्यक पहल गरिनेछ।

- लागुपदार्थ दुर्व्यसनी तथा अवैध कारोबार नियन्त्रणका लागि मौजुदा कानुनी व्यवस्थालाई कडाइका साथ कार्यान्वयन गरिनेछ भने दुर्व्यसनमा फसेकाहरूका लागि उपचार, पुनर्स्थापना र जनचेतना कार्यक्रमलाई प्राथमिकता दिइनेछ।

- लागुपदार्थ दुर्व्यसनीको उपचार, परामर्श तथा सामाजिक पुनर्स्थापनाका लागि सरकारी तवरबाट निजी तथा गैरसरकारी संस्थासँगको सहकार्यमा सुधारगृह स्थापनाको पहल गरिनेछ।

- स्वास्थ्य संस्थाहरूमा निःशुल्क उपलब्ध हुने औषधिहरूको उपलब्धतालाई अनिवार्य गरिनेछ।

- स्वास्थ्य बीमा कार्यक्रमलाई अझ परिमार्जित गर्दै निजी अस्पतालबाट पनि सेवा पाउने व्यवस्थाका लागि आवश्यक पहल गरिनेछ।

**अर्घाखाँची जिल्ला अस्पताल सुदृढीकरण कार्यक्रम**

– यस अस्पताललाई ५० शैयाको आधुनिक उपकरण र विशेषज्ञ चिकित्सासहितको सुविधा सम्पन्न अस्पताल निर्माण गर्नका लागि तत्काल पहल गरिनेछ।

– जिल्ला अस्पतालमा मेडिसिन, स्त्रीरोग, बालरोग र एनेस्थेसिया विशेषज्ञ स्थायी रूपमा व्यवस्था गरिनेछ।

– सुत्केरी जटिलता र आकस्मिक शल्यक्रियाका लागि २४ घण्टा OT सेवा सञ्चालन गरिनेछ।

– सुरक्षित सुत्केरीका लागि २४ घण्टा C-Section सेवा सुरु गरिनेछ।

– नवजात शिशुका लागि NBCC/NICU (आधारभूत स्तर) स्थापना गरिनेछ।

– सडक दुर्घटना र पहिरो प्रभावितका लागि ट्रमा केयर युनिट स्थापना गरिनेछ।

– अक्सिजन प्लान्ट/केन्द्रीय अक्सिजन प्रणाली जडान गरिनेछ।

– २४ सै घण्टा एम्बुलेन्स र रेफरल समन्वय कक्ष सञ्चालन गरिनेछ।

– नागरिकलाई आवश्यक पर्ने अनिवार्य औषधि पूर्ण रूपमा निःशुल्क उपलब्ध गराइनेछ।

– ज्येष्ठ नागरिक, अपाङ्ग तथा विपन्नका लागि विशेष स्वास्थ्य सहायता डेस्क स्थापना गरिनेछ।

– डिजिटल दर्ता प्रणाली र लामो लाइन अन्त्य गर्ने व्यवस्था गरिनेछ।

- सबै पालिकामा निर्माण भएका १५ शैयाका अस्पतालहरू प्रशासनिक, प्राविधिक र सेवागत रूपमा जिल्ला अस्पतालसँगको समन्वयमा सञ्चालन गरिनेछन्। यी अस्पतालहरूमा आधारभूत तथा उच्च गुणस्तरीय स्वास्थ्य सेवा सुचारु गर्न आवश्यक पर्ने प्राविधिक स्रोत, साधन तथा जनशक्तिको दरबन्दी सिर्जना गर्नका लागि आवश्यक पहल गरिनेछ।

- स्थानीय तह र स्वास्थ्य संस्थासँगको समन्वय तथा जिल्ला अस्पतालको सहकार्यमा जिल्लामा आपतकालीन स्वास्थ्य सामग्रीको शीघ्र आपूर्ति सुनिश्चित गर्न Drone Based Medical Response System (DBMRS) पाइलट परियोजनाका रूपमा सञ्चालन गरिनेछ।

- यस अस्पतालमा आधुनिक प्रविधि र चिकित्सकसहितको एम्बुलेन्स सञ्चालनमा ल्याइनेछ।

- जिल्ला अस्पतालमा ब्लड बैंक स्थापना गरिनेछ।

## ७. नौमुरे बहुउद्देश्यीय आयोजना : हाम्रो प्राथमिकता

नौमुरे बहुउद्देश्यीय आयोजना पश्चिम नेपालको ऊर्जा, सिँचाइ र बाढी नियन्त्रणको मेरुदण्ड हो। यो आयोजना दशकौंदेखि अध्ययनमै सीमित रहँदै आएको छ। हाम्रो नेतृत्वमा यो आयोजना अब कागजबाट निर्माणतर्फ अघि बढाइनेछ।

**हाम्रो स्पष्ट प्रतिबद्धता**
नौमुरे बहुउद्देश्यीय आयोजनाको DPR तत्काल अन्तिम स्वीकृत गरिनेछ।
आयोजना निर्माणका लागि वित्तीय स्रोत सुनिश्चित गरिनेछ (सरकारी बजेट, विकास साझेदार तथा अर्घाखाँची र प्यूठानका जनसमुदायको लगानी वा अन्य लगानी मोडेलमार्फत)।

**आयोजना प्रभावित स्थानीय बासिन्दाका लागि**
– न्यायोचित मुआब्जा,
– पुनर्वास र रोजगारीको सुनिश्चितता,
– स्थानीयलाई पहिलो प्राथमिकता दिइनेछ।

यो आयोजना केवल विद्युत् उत्पादनको मात्र होइन, तराई–मधेशमा स्थायी सिँचाइ, बाढी नियन्त्रण र खाद्य सुरक्षाको आधार बनाइनेछ।

**अब ढिलाइ होइन, कार्यान्वयन**
हाम्रो नीति स्पष्ट छ—
"अध्ययनमै सीमित आयोजना होइन, निर्माणमा देखिने आयोजना।"

-नौमुरे बहुउद्देश्यीय आयोजना हाम्रो वाचा-पत्रको प्राथमिक राष्ट्रिय आयोजना हुनेछ र यसको प्रगति जनतासामु समय–समयमा सार्वजनिक गरिनेछ।

-राजनीतिलाई शक्तिको रुपमा प्रयोग गर्दै केवल पहुँचको आधारमा गरिने विकास र निकासको कामलाई निरुत्साहित गर्दै आवश्यकताका आधारमा विकास र निकासलाई अगाडि बढाइनेछ। विगतमा पहुँच र शक्तिका आधारमा जिल्लाको सन्तुलित विकासमा निकै धक्का पुगेको छ। विशेष गरी जिल्लाको दक्षिणी भूभागमा सम्भावना हुँदाहुँदै बेवास्ता गरिएको तथ्यलाई स्वीकार्दै शिक्षा, स्वास्थ्य, यातायात, सडक सञ्जाललगायत पूर्वाधार निर्माणमा विशेष ध्यान दिइनेछ।

## ८. सडक र राजमार्ग

विकासको मेरुदण्डका रुपमा हेरिएको सडक र रणनीतिक सडक राजनीतिले जनताको दैनिक जीवन र पूर्वाधार विकासको खाकालाई निकै असर पार्ने कुरालाई आत्मसात् गर्दै जिल्लाको सन्तुलित विकासको खाकालाई मूर्त रुप दिन निम्न सडक पूर्वाधार रुपरेखा तयार पारेको छु।

## रणनीतिक सड़क/राजमार्ग

### गोरुसिङ्गे–सन्धिखर्क सडक खण्डको स्तरोन्नति

हालको गोरुसिङ्गे–सन्धिखर्क सडकअन्तर्गत पत्थरकोटदेखि सन्धिखर्क सडक खण्डलाई कम्तीमा २ लेनमा विस्तार गरी सडक सुरक्षासहितको पूर्वाधार निर्माण गरिनेछ। यस सडक खण्डलाई जिल्लाको मुख्य सडक खण्डका रूपमा विकास गरी यसका सहायक सडकहरूलाई स्तरोन्नति र कालोपत्रे गरिनेछ।

### मदन भण्डारी राजमार्ग

– चुरे र भित्री मधेशलाई राष्ट्रिय सडक सञ्जालमा जोड्ने परिकल्पनाका साथ अघि सारिएको मदन भण्डारी राजमार्गको रेखाङ्कन पहुँचका आधारमा अर्घाखाँचीको चुरे क्षेत्रलाई कहीँ कतै नछोई गरिएको हुँदा यस राजमार्गको मर्मअनुसार पुनः रेखाङ्कन र निर्माण गरिनेछ।

– जिल्लाभित्रका आन्तरिक सडकको स्तरोन्नतिका अलावा अन्तरजिल्ला सडक सञ्जाल तथा रणनीतिक सडक निर्माणमा विशेष जोड दिइनेछ।

### सालझण्डी–सन्धिखर्क–ढोरपाटन सडक

यो सडक सन्धिखर्क र आसपासका क्षेत्रहरू हुँदै बागलुङको ढोरपाटनसम्म जाने लक्ष्य राखेको राष्ट्रिय प्राथमिकतामा परेको सडक परियोजना हो। यो सडक रुपन्देहीको सालझण्डीबाट सुरु भएर पाल्पा, अर्घाखाँची, गुल्मी हुँदै ढोरपाटनसम्मको १९७ किलोमिटर लामो मार्ग निर्माण भइरहेको छ। यो सडकलाई स्तरोन्नति गरी पूर्ण रुपमा शीघ्र सञ्चालनमा ल्याउन आवश्यक पहल गर्नेछु।

### गच्छे–भालुवाङ सडक

जिल्ला सदरमुकाम सन्धिखर्कलाई प्रदेश राजधानी भालुवाङसँग जोड्ने यो रणनीतिक सडकलाई स्तरोन्नति गरी शीघ्र सञ्चालनमा ल्याइनेछ।

-रणनीतिक हिसाबले महत्वपर्ण भूमिका खेल्ने यस्ता सडकहरूमा सडक बत्ती, पुल, विश्राम स्थल तथा सड़क सुरक्षा पूर्वाधार निर्माण गरिनुका साथै आवश्यक स्थानमा सुरुङ्गमार्गको सम्भाव्यता अध्ययन गरिनेछ।

### अन्तरजिल्ला सडक सञ्जाल

– जिल्ला सदरमुकाम सन्धिखर्कलाई आसपासका जिल्ला सदरमुकामहरूसँगको सम्पर्कलाई जीवन्त, सहज र छिटोछरितो बनाउन सडक निर्माण, स्तरोन्नति र सञ्चालनमा ल्याइनेछ।

– प्यूठानको बरौलाबाट चाक्ला बजार जोड्ने बाटो २०६५ सालमा उद्घाटन भए पनि नियमित सडक सञ्चालनमा आएको छैन। यस सडकको स्तरोन्नति र कालोपत्रे गरी नियमित सडक सञ्चालनमा जोड दिइनेछ।

– सन्धिखर्क–भूमिकास्थान हुँदै प्यूठानको जुडा जोड्ने सडकलाई अन्तरजिल्ला सडक सञ्जालको रुपमा अघि बढाइनेछ।

**अन्तरपालिका सडक सञ्जाल**

– सन्धिखर्क नगरपालिका जिल्लाको केन्द्र भागमा रहेको र अन्य पालिकाहरू यस पालिकाको वरिपरि रहेको हुनाले शितगंगा–पाणिनी–छत्रदेव–मालारानी–भूमिकास्थान जोड्ने सडक पूर्वाधार निर्माण गरिनेछ। यस परियोजनाबाट जिल्लाका पालिकाहरूबीचको सम्पर्क छिटो र सरल हुनेछ र जिल्लाको आन्तरिक अर्थतन्त्रलाई चलायमान गराउन सहयोग पुग्नेछ। यसले पर्यटन सर्किटमा पनि सहयोग गर्नेछ।

– गोखुङ्गा–ढाकाबाङ–धारापानी–खिल्जी–असुर्कोट–सन्धिखर्क सडकको स्तरोन्नति तथा कालोपत्रेको लागि आवश्यक पहल गरिनेछ।

**स्थानीय सडक सञ्जाल**

पालिकाभित्रका प्रत्येक वडालाई पालिकासँग जोड्ने स्थानीय सडक सञ्जाल निर्माण, स्तरोन्नति र कालोपत्रे गरिनेछ।

## ९. उजाड़ होईन अब उर्बरता

– जिल्लाका धेरै भू-भागहरू बसाइसराइका कारण उजाड बन्दै गएका छन्। विकास र पूर्वाधार अनि सार्वजनिक सेवा सुविधाको अभाव मात्र नभई बाँदर, बँदेल, दुम्सी लगायत जंगली जनावर पनि कारण भएको विषयलाई स्वीकार्दै उजाडिएका त्यस्ता वस्तीहरूमा संभावनाका आधारमा उद्योग, कलकारखाना तथा व्यवसायिक प्रयोजन अनि नयाँ प्रकारका कृषि उत्पादनमा जोड दिई उजाडलाई उर्बरतामा रूपान्तरण गरिनेछ।

– रणनीतिक सडक राजनीतिले जिल्लाका कतिपय स्थानहरू रूग्ण बनेका छन्। कुनै दिन बटौली (बुटवल)कै हाराहारीमा रहेको पत्थर्कोट बजार पूर्व–पश्चिम महेन्द्र राजमार्गले छलेर जाँदा हाल अस्थिपञ्जर अवस्थामा छ। जिल्लाका यस्ता स्थानहरूको पहिचान गरी पुनः उर्बरतामा जोड दिइनेछ।

## १०. एकीकृत बस्ती विकास परियोजना

जिल्लाका कतिपय स्थानमा बसाइसराइ व्यापक छ भने कतिपय स्थानमा बस्ती असाध्यै पातलो छ। विशेष गरी वस्ती पातलो भएका ठाउँमा पूर्वाधार निर्माण र सार्वजनिक सेवा सुविधाहरू पुग्राउन कठिन मात्र नभई लागत पनि बढी हुन्छ। त्यसैले यो समस्या समाधानका लागि **एकीकृत वस्ती विकास विशेष परियोजना** बनाई कार्यान्वयनमा ल्याइनेछ।

मालारानी, शितगंगा लगायतका क्षेत्रमा भएका पातला वस्तीहरूलाई एकीकृत गरी आर्थिक र पूर्वाधार विकासका आयोजनाहरू अघि बढाइनेछ।

# ११. भूगर्भीय जोखिम मूल्याङ्कन (Geo-hazard Assessment)

-भूकम्प, पहिरो र बाढीको जोखिम न्यूनीकरणका लागि जिल्ला/पालिका स्तरमा वैज्ञानिक भूगर्भीय जोखिम मूल्याङ्कन गरिनेछ। जोखिम नक्साका आधारमा मात्रै सडक, भवन र अन्य ठूला पूर्वाधार निर्माण गरिनेछ। सुरक्षित बसोबास, जोखिममुक्त भूमि उपयोग र विपद् पूर्वतयारीलाई विकासको केन्द्रमा राखिनेछ।
-सन्धिखर्क नगरपालिकाको भुजुङ्गे, शितगंगा नगरपालिकाको जोख्ले जस्ता अन्य स्थानको पहिचान गरी भूगर्भीय जोखिम मूल्याङ्कन (Geo-hazard Assessment) गरी जोखिम न्यूनिकरण गर्ने योजना कार्यान्वयनमा ल्याइनेछ।

# १२. भूमि सम्बन्धी

– जिल्ला भित्रको मिचिएका तथा अतिक्रमण गरिएका सार्वजनिक जग्गाहरू सरकारको नाममा फिर्ता ल्याउन पहल गरिनेछ।

– जिल्लाभित्र रहेका सुकुम्वासी तथा भूमिहिनका समस्या समाधानका लागि यथासक्य पहल गरिनेछ।
– शितगंगा नगरपालिका, वडा नं १४, विक्रम पावरा लगायतका स्थानमा उच्च करको दायराकै कारण भूमिहिनहरूले पूर्जा नपाएको समस्या समाधानका लागि करको दायरा घटाउने नीति अवलम्बन गरिनेछ।

# १३. भ्रष्टाचार विरुद्धको "जिरो टोलरेन्स"

– हामी भ्यु–टावर बनाउने बजेटले विद्यालयको शिक्षा, ल्याब र युवा लक्षित सीपको स्कुल बनाउनेछौँ।

– **डिजिटल ड्यासबोर्ड**: यस जिल्लामा आउने हरेक पैसा र खर्च हुने योजनाको विवरण जनताले मोबाइल एपबाटै हेर्न सक्ने 'पारदर्शिता प्रणाली' लागू गरिनेछ।

– **जनताको अदालत**: हरेक ६ महिनामा सार्वजनिक सुनुवाइ मार्फत उम्मेदवार र जनप्रतिनिधिले जनतालाई जवाफ दिनुपर्नेछ।

– जनताका कुनै पनि माग र मुद्दा जुनसुकै बेला आफ्नो जनप्रतिनिधिलाई सिधै राख्न सकिने व्यवस्था मिलाइनेछ। मौजुदा कानुन र विधिमा रहेर ती समस्या यथासिघ्र समाधानको पहल गरिनेछ।

-सार्वजनिक पदाधिकारीद्वारा हुने भ्रष्टाचार उजागर गर्न गरिने स्टिङ अपरेशनलाई स्पष्ट कानुनी मापदण्डभित्र वैध बनाइनेछ। गोपनीयता ऐन, भ्रष्टाचार निवारण ऐन र प्रमाण ऐन संशोधन गरी डिजिटल प्रमाणलाई कानुनी मान्यता दिइनेछ। भ्रष्टाचार उजागर गर्ने सूचनादातालाई प्रतिशोधबाट जोगाउन कानुनी  संरक्षणको व्यवस्था गरिनेछ।

# १४. स्थानीय तहगत विशेष योजनाहरू

## १४.१ शितगंगा नगरपालिका

जिल्लाको झन्डै आधा भू-भाग ओगट्ने, देशकै सबैभन्दा ठूलो नगरपालिकाको रूपमा रहेको शितगंगा नगरपालिका पूर्वाधार निर्माण र आर्थिक विकासका हिसाबले धेरै संभावना बोकेको बसोबासका लागि उपयुक्त स्थानको रूपमा लिन सकिन्छ। तर विगतमा चुनौतीका पहाड देखाएर संभावनाका मैदान मेट्ने काम भएको यथार्थलाई स्वीकार्दै यस नगरपालिकाका निम्न योजनाहरू पेश गर्न चाहन्छु।

**रणनीतिक राजमार्गको केन्द्र**

– पूर्व–पश्चिम महेन्द्र राजमार्गले छुने पहाडी जिल्लामध्ये अर्घाखाँची पनि एक हो र सो भू-भाग यही नगरपालिकामा पर्छ। तर सोही राजमार्ग यस नगरपालिकाको मुख्य भागहरूबाट केही परबाट गएको हुँदा यहाँका बासिन्दाहरू त्यतै आसपासमा बसाइसराइ गर्ने प्रवृत्ति छ।

– रूपन्देहीको सैनामैना देखि ठाडा–भालुवाङ जोड्ने नयाँ राजमार्ग निर्माणको परिकल्पनालाई अगाडि बढाइएको छ। यसले पूर्व–पश्चिम राजमार्गको दूरी घटाउने मात्र होइन, यस नगरपालिकाको स्थानीय कृषि उपजको बजारीकरण, यहाँका बासिन्दाको आयआर्जन वृद्धिसँगै बसाइसराइ न्यूनिकरण गरी **उजाड होइन, उर्बर** कार्यक्रमलाई सहयोग पुग्नेछ।

– यस पालिकाको ठाडा उत्तम स्थल भएर बहने बाणगंगा नदीको आसपास हजारौँ हेक्टर धान खेती योग्य जमिन सिँचाइ, बाटो र विद्युतको अभावमा बाँझो बन्न पुगेको छ। बाणगंगाको पानीलाई ती बाँझिएका जमिनमा सिँचाइ, विद्युतीकरण र विक्रम पावरादेखि बाणगंगाको किनारै किनार ठाडाको कोप्चेवाससम्म कृषि सडक निर्माण गरिनेछ। यसबाट बाणगंगा नदी आसपास उजाडिएको जमिन पुनः उर्बरतातर्फ आउने अपेक्षा गरिएको छ।

– सितापुर बजारदेखि कैलाशे जोड्ने सडक अन्तर्गत सितखोलामा पुल निर्माणको काम अघि बढाइनेछ र यस सडकको स्तरोन्नती तथा कालोपत्रे गरिनेछ।

-घुम्ती - घोरबन्दा - दमार - सन्तके सडकको स्तरोन्नती गरिनेछ।

## १४.२ सन्धिखर्क नगरपालिका

– जिल्लाको सदरमुकाम रहेको यस सन्धिखर्क बजारलाई **Clean and Green शहर**को रुपमा विकास गरिनेछ।

– यस पालिकामा रहेको रक गार्डेनलाई पर्यटकीय स्थल तथा पिकनिक स्पटको रुपमा विकास गरिनेछ।

– सन्धिखर्क बजारमा रहेको टुँडिखेलमा सुविधासम्पन्न मञ्च निर्माण गरिनेछ।

-सन्धिखर्क बजार आसपास सुविधा सम्पन्न जेष्ठ नागरिक भवन निर्माणका लागि आवश्यक पहल गरिनेछ।

## १४.३ भूमिका स्थान नगरपालिका

– सन्धिखर्कदेखि यस नगरपालिकाको दुर्वाङसम्मको सडकलाई स्तरोन्नती गरी झिम्रुक नदीमा दुर्वाङ र प्यूठानको जुडा जोड्ने पुल निर्माण गरिनेछ।

– दुर्वाङ फाँटमा पिकनिक स्पटको विकास गरिनेछ।

## १४.४ मालारानी गाउँपालिका

– गोखुङ्गा–रतनमारे सडकको स्तरोन्नती, कालोपत्रे र नियमित सञ्चालनको लागि आवश्यक पहल गरिनेछ।

– लामा लेकलाई थप व्यवस्थित र सौन्दर्यकरण गरी पश्चिमको उत्कृष्ट पर्यटकीय गन्तव्य बनाईनेछ।

– आवश्यक भौतिक पूर्वाधार तथा पहुँचमार्ग निर्माण गरी **तिलकुवा झरना**लाई पर्यटकीय गन्तव्य बनाईनेछ।

## १४.५ छत्रदेब गाउँपालिका

– यस पालिकामा रहेका विभिन्न पुराना मठमन्दिर तथा धार्मिक र पर्यटकीय स्थलको संरक्षण तथा प्रवर्द्धन गरिनेछ।

– बल्कोट पौवा, छत्रमहाराज मन्दिर, परशुरामेश्वर मन्दिर, आकासदेवी मन्दिर आदिको सौन्दर्यकरण गरिनेछ र प्रचार–प्रसार गरी आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने नीति लिइनेछ।

– सन्धिखर्क–सिमीचौर सडकको स्तरोन्नति, कालोपत्रे तथा दीगो मर्मत, ग्रामीण सडकहरूको सुधार, नालीको व्यवस्था र वर्षायाममा अवरुद्ध हुने सडकको स्थायी समाधान गरिनेछ।

### १४.६ पाणिनी गाउँपालिका

– **पाणिनी तपोभूमि केन्द्रित धार्मिक पर्यटन:** पाणिनी आश्रम, मन्दिर र आसपासका क्षेत्रलाई व्यवस्थित धार्मिक–पर्यटन गन्तव्य बनाइनेछ।

– पाणिनी गाउँपालिका अन्तर्गत रहेको दुर्गा खोलाको मुहानमा सानो ड्याम निर्माण गरी त्यसभन्दा तलको खेतीयोग्य भूमिमा सिँचाइको व्यवस्थापनका लागि पहल गरिनेछ।

– **शिव शक्ति आश्रम कैलाश डाँडामा** रहेका दुर्लभ बनस्पती तथा जडीबुटीहरूको संरक्षण र प्रवर्द्धन गरिनेछ।

– प्रचार–प्रसारको अभावमा ओझेलमा परेको शिव शक्ति आश्रम कैलाश डाँडालाई प्रचार–प्रसारमा ल्याएर पर्यटन प्रवर्द्धन गरिनेछ।

– पाणिनीमा पर्याप्त सुन्तला उत्पादन हुने भएकाले यहाँको सुन्तलाको उचित बजारीकरणको व्यवस्था गरिनेछ। प्रत्येक पालिकामा स्थापना गरिने **चिस्यान केन्द्र**ले यहाँको सुन्तला लगायत कृषि उपजको मूल्य सुनिश्चित गर्नेछ। सुन्तला लगायतका फलफूलको जुस उत्पादन गर्ने उद्योग स्थापनाको पहल पनि गरिनेछ।

**रणनीतिक राजमार्गको केन्द्र**
– मौजुदा सालझण्डी–ढोरपाटन सडकको स्तरोन्नतीले यस पालिकालाई लाभान्वित गर्नेछ।

– मदन भण्डारी राजमार्गको गलत रेखाङ्कनलाई सही रेखाङ्कनले पनि यस पालिकालाई लाभान्वित गर्नेछ।
– अर्घाखाँचीको चुरे–शिवालिक पर्वतहरू पाणिनी र शितगंगा नगरपालिकामा पर्ने भएकाले यी पालिकाहरू यस राजमार्गबाट लाभान्वित हुनेछन्।

## १३. विविध

१. संसदीय कोषबाट २० लाखसम्म विदेशबाट फर्किएका युवा, महिला उद्यमशीलता, स्टार्टअप व्यवसाय, आर्थिक रूपमा विपन्न व्यक्ति, अपाङ्ग तथा अशक्त, एकल महिला, दलित तथा जनजाती, साना किसानलाई आत्मनिर्भर बनाउनका लागि लगानी, प्रविधि र प्राविधिक सहयोगका लागि **एक प्रतिशतको सहुलियत ब्याजको ऋण** सुनिश्चित गरिनेछ।

२. जिल्लाभित्रै रोजगारी सिर्जनाका लागि स्थानीय कच्चा पदार्थ तथा स्रोत साधन प्रयोग गरी उद्योग स्थापना गर्न आवश्यक वातावरण तयार गरिनेछ र त्यसका लागि आवश्यक कानुनी तथा नीतिगत सहजीकरण गरिनेछ।

३. जिल्लाभित्रको निक्षेपलाई पूर्ण रूपमा जिल्लाभित्र नै लगानी गर्न आवश्यक ठोस नीति निर्माण गरिनेछ।

४. उत्पादनको माध्यमबाट प्रदेश र देशको कुल ग्राहस्थ उत्पादनमा उल्लेखनीय योगदान दिने वातावरण सिर्जना गरिनेछ।

५. निर्माणाधीन र रोकिएको अवस्थाको अर्घा भगवती विमानस्थल निर्माणको कार्यलाई अघि बढाइनेछ।

६. प्रत्येक बजारमा ढल निकास र सडक बत्ती सहितको सडक निर्माण गरी व्यवस्थित बजार विकास गरिनेछ।

७. अझै जिल्लाका कतिपय स्थानमा बालविवाह र बालशोषण हुने गरेको छ। कानुनले बर्जित गरेका यस्ता विषय कडाइका साथ लागू गरिनेछ।

८. जिल्ला भित्र रहेका सम्पूर्ण जात, धर्म, सम्प्रदायले समान अस्तित्व र सम्मानजनक जीवन जिउन पाउनु पर्ने कानुनी प्रावधान कडाइका साथ लागू गरिनेछ। विभेदजन्य व्यवहार कानुनी दायरामा ल्याइनेछ।

९. **प्रत्येक घरमा धारा** भन्ने नाराका साथ जिल्लाभित्र रहेको खानेपानी समस्या समाधानका लागि प्रदेश तथा संघीय सरकारबाट बजेट पहल गरी दीर्घकालिन समाधान गरिनेछ।

१०. कृषि उत्पादनको अपरिहार्य तत्व सिँचाइका लागि बृहत् जिल्ला स्तरीय सिँचाइ आयोजनाको परिकल्पना गरिएको छ। पानीको स्रोत सोधखोज र संभाव्यता अध्ययन अगाडि बढाइनेछ। जिल्लाभरी **माइक्रो सिँचाइ आयोजना** सञ्चालन गरिनेछ।

११. आर्थिक समृद्धिको आधार खानी तथा खानी जन्य पदार्थको उत्खनन्, प्रशोधन तथा त्यसको बजारीकरण नै हो। जिल्लामा सञ्चालित खानीहरूका लागि अनिवार्य **खानी सञ्चालन कार्यविधि** बनाएर लागू गरिनेछ। यसमा प्राकृतिक स्रोत, साधन, वातावरण र भौतिक पूर्वाधारमा असर नगर्ने गरी सञ्चालन कार्यविधि बनाईनेछ।

१२. जिल्लाभित्रका विभिन्न खानीहरूको सोधखोज तथा उत्खननको संभाव्यता अध्ययन गरिनेछ।

१३. हाम्रा ऐतिहासिक धरोहर र सांस्कृतिक पहिचान बोकेको बर–पिंपल र चौताराहरूको संरक्षण गर्ने नीति लिइनेछ।

१४. शहरीकरण भएका क्षेत्रमा भुस्याहा तथा वेवारिसे कुकुरको समस्या छ। भुस्याहा तथा वेवारिसे कुकुरको वैज्ञानिक व्यवस्थापन गरिनेछ।

१५. **वन ऐन र वन नियमावली संशोधन** गरी सामुदायिक वनको आम्दानीको निश्चित अंश स्थानीय तहसँगको समन्वयमा शिक्षा, स्वास्थ्य, खानेपानी, सिँचाइ र विपद् व्यवस्थापन जस्ता सार्वजनिक विकास कार्यमा खर्च गर्न सकिने कानुनी व्यवस्था गरिनेछ।

१६. नेपाली काठ कुहिएर जाने र विदेशी काठ आयात गर्नु पर्ने अवस्थालाई सम्बोधन गर्न **वन ऐन र नियमावली** तथा सम्बन्धित नीतिहरु संशोधन गरी स्वदेशी काठको उत्पादन, प्रशोधन र उपयोगलाई सरल, दिगो र नियन्त्रित बनाउने नीति अवलम्बन गरिनेछ। यसले काठको आयात प्रतिस्थापन, स्थानीय उद्योग वृद्धि र रोजगार सृजना सुनिश्चित गर्नेछ।

१७. जिल्लाका कतिपय स्थानहरु, जस्तै शितगंगा वडा नं. ११, मालारानी वडा नं. ७ मा अझै मोबाइल नेटवर्क कमजोर रहेको गुनासोलाई यथासिघ्र सम्बोधन गरिनेछ।

१८. **"फोहोर सडाऔँ खेतमै, प्लास्टिक बेचौँ पैसामा।"**
– स्थानीय तहको समन्वयमा गाउँघरमा उत्पादन हुने जैविक फोहोर खेतबारीमा कम्पोस्ट मलका रुपमा प्रयोग गरिनेछ।
– प्लास्टिकजन्य फोहोर छुट्टै संकलन गरी प्रति केजि मूल्य तोकेर खरिद गरिने र प्रशोधनका लागि पठाइने नीति लागू गरिनेछ।

१९. बजारका प्रत्येक पसलले सबैले देख्ने स्थानमा फोहोरको डस्टबिन राख्नुपर्ने व्यवस्था गरिनेछ। बजारमा आउने सेवाग्राहीले उत्पादन गरेको फोहोर पनि सोही डस्टबिनमा व्यवस्थापन गरिनेछ। यस कार्यमा सहयोग पुऱ्याउने पसल तथा व्यवसायीलाई फोहोर शुल्क, व्यवसाय नवीकरण लगायतमा सहुलियत दिने प्रोत्साहनमुखी नीति लागू गरिनेछ।

२०. हरेक स्थानीय बजारमा **बजार व्यवस्थापन समिति** गठन गरी सो समितिलाई बजार सरसफाइ, फोहोर व्यवस्थापन र सार्वजनिक शौचालय, खानेपानी, सार्वजनिक पार्किङ्ग सञ्चालनको जिम्मेवारी दिइनेछ। समितिले स्थानीय स्रोत, सार्वजनिक शौचालय, सार्वजनिक पार्किङ्गबाट आम्दानी गर्ने र त्यसैबाट सेवा निरन्तर र स्वच्छ रुपमा सञ्चालन गर्ने व्यवस्था गरिनेछ।

२१. पथर्कोट लगायत जिल्ला प्रवेश गर्ने मुख्य नाकाहरुमा फलफूल, माछा मासु लगायतका उपभोग्य वस्तुहरुको चेकजाँचका लागि क्वारेन्टाईनको व्यवस्था गर्ने नीति लिईनेछ।

२२. अर्घाखाँची र कपिलवस्तु जिल्लाबिचको सिमा विवादका कारण जनताले भोग्नुपरेको अन्योल अन्त्य गर्न कानुनी र संवैधानिक प्रक्रियाबाट यथाशीघ्र समाधान गरिनेछ।

२३. सार्वजनिक यातायातलाई सुरक्षित, मर्यादित, शान्त र सहजताका लागि आवश्यक पहल गरिनेछ। सार्वजनिक यातायातमा अनिवार्य यात्रासम्बन्धी सूचना तथा जानकारी दिने प्रणाली जडान गरी अनावश्यक गीतसंगीतलाई निरुत्साहित गरिनेछ।

## १४. तथ्याङ्कीय वस्तुस्थिति (२०८२ को निर्वाचन प्रक्षेपण)

अर्घाखाँची जिल्लामा करिब १,७१,६५२ मतदाता रहेका छन्, जसमा पुरुष र महिला मतदाताको संख्या लगभग समान छ। कुल मतदातामध्ये झण्डै ७० हजार युवा मतदाता रहेका छन्। यस पटक नयाँ मतदाता नामावलीमा नाम दर्ता गर्ने युवाको संख्या उल्लेखनीय रूपमा वृद्धि भएको तथ्यले जिल्लामा परिवर्तनको चाहना बलियो रहेको देखाउँछ। यस वस्तुस्थितिले नयाँ सोच, इमानदार राजनीति र जवाफदेही नेतृत्वप्रति जनसमर्थन विस्तार हुँदै गएको संकेत गर्छ।

हामीले विगतमा साहदत प्राप्त शहीदहरू र २०८२ भदौको आन्दोलनमा सडकमा रगत बगाएका नागरिकहरूको बलिदानबाट एउटा स्पष्ट सन्देश पाएका छौँ—
अब परिवर्तनको बाटो हिंसाबाट होइन, मतपत्रबाट तय हुनुपर्छ।

“अब सोचौँ, मत बदलौँ — मतपत्रमार्फत अवस्था बदल्ने समय आएको छ।”

म केवल संसदमा कुर्सी ओगट्न जाँदै छैन।
म यस जिल्लाका आदिवासी, जनजाति, मुस्लिम समुदाय, महिला, खस–आर्य, दलित तथा पिछडिएका वर्गको आवाज बनेर सिंहदरबार प्रवेश गर्ने प्रतिबद्धता व्यक्त गर्दछु।

२०८२–५–२३ को आन्दोलनले सिकाएको पाठ—
“नेतृत्व शासक होइन, जनताको सेवक हुनुपर्छ”
यस मान्यतालाई म अक्षरशः पालना गर्नेछु।

नवपिँढीको आशा र भरोसामाथि कुनै पनि प्रकारको छेडखानी वा कुठाराघात गर्ने छैन।
विधि, प्रक्रिया र कानुनी मर्यादामा एक इन्च पनि तलमाथि नगरी, जनताले सुम्पिएको जिम्मेवारीलाई इमानदारी, पारदर्शिता र निष्ठाका साथ निर्वाह गर्नेछु।

**जय देश - जय घण्टी**

## युगान्तकारी परिवर्तन र

## सुशासनको सुरुवातका लागि

# घण्टी चिन्हमा मतदान

# हरिप्रसाद भुसाल

**प्रतिनिधि सभा सदस्य उम्मेदवार**

# अर्घाखाँची

२०८२-११-०२